# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ साउन १७ गते

**पहिरो प्रभावितहरुलाई सुरक्षित स्थानमा सार्न आग्रह ।**

पहिरो प्रभावित कास्कीको लुम्ले, भदौरेतामागी र ढिकुरपोखरीका स्थानीयवासीन्दालाई सुरक्षित स्थानमा सार्न आयोग सरकारलाई आग्रह गर्दछ । असार १३ गते गएको पहिरोमा परी ३५ जनाको मृत्यु भएको तथा केही व्यक्ति अझैपनि वेपत्ता भएको घटनाले सो स्थान अहिले पनि असुरक्षित रहेकाले तत्काल त्यहाँका स्थानीयलाई सुरक्षित स्थानमा सार्न आयोग सरकारको ध्यानाकर्षण गराउँदछ ।

बाढीपहिरोमा परी जनधनको ठूलो क्षति भएको भन्दै पीडित परिवारलाई तत्काल क्षतिपूर्ति र राहत तथा बाढी पहिरोमा परी घाइते भएकाहरु अहिले पनि पोखराका विभिन्न अस्पतालहरुमा उपचार गराइरहेकाले निःशुल्क उपचारको व्यवस्था मिलाउन आयोग सरकारलाई आग्रह गर्दछ । मरेका चौपायाहरुको दुर्गन्धले विभिन्न रोगहरु फैलिनसक्ने सम्भावना तर्फ सजग रही चौपायाहरुको उचित व्यवस्थापन गर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

पहिरोको जोखिम रहेको स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुमा थप क्षति हुन नदिन अवश्यक कार्य थाल्न जरुरी रहेको छ ।

कास्की लगायत देशका विभिन्न जिल्लाहरुमा बाढी पहिरो जाने क्रम जारी रहेकाले जोखिमपूर्ण स्थानका वस्तीहरुलाई यथाशीघ्र सुरक्षित स्थानमा मात्र बस्ती बसाउन आयोग नेपाल सरकारलगायत सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org